नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सूचना

नेपाल स्वास्थ्य सेवा अन्तर्गत विभिन्न तह र पदका कर्मचारीहरुको समायोजन सम्पन्न भएको र सोही बमोजिम समायोजनको विवरण सार्वजनिक भइसकेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सिफारिस गरे बमोजिम नेपाल सरकारबाट स्वीकृत संगठन संरचना तथा दरबन्दी अनुसार कर्मचारी समायोजन कम्प्युटर सफ्टवेयर प्रणालीबाट गरिएको हो । सफ्टवेयर प्रणालीबाट समायोजन गर्दा समायोजन ऐनमा तोकिएको, आधार, कर्मचारीले गरेको अनलाइन आवेदन र राष्ट्रिय किताबखानामा अद्यावधिक भएको कर्मचारीको विवरणको आधारमा गरिएको हो । कर्मचारीहरुलाई अनलाइन मार्फत् आवेदन गर्दा ७५३ वटा स्थानीय तह, ७ वटा प्रदेश र संघ गरी जम्मा ७६१ वटा तहहरु छनौटको विकल्प दिइएकोमा कर्मचारीहरुले ऐनका आधार बमोजिम समायोजन हुन प्रर्याप्त विकल्पहरु छनौट नगरेको वा आवेदन नै नगरेको लगायतका कारणबाट आवेदन दिएको भन्दा अन्य तहमा समेत समायोजन हुन गएको छ ।

समायोजन हुँदा कर्मचारी समायोजन ऐन, २०७५ का आधार अनुसार नभएको वा समायोजनबाट मर्का परेको भनी कर्मचारीहरुबाट प्राप्त गुनासाहरु सुनुवाई गर्ने व्यवस्था मिलाइएको छ । हाल प्रकाशित समायोजनको सूचीमा उल्लेख भएको समायोजन भएको तह वा स्थानका विषयमा गुनासो सुनुवाई गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लिखित गुनासो/निवेदन दर्ता गर्ने व्यवस्था मिलाई सकिएको छ । मिति २०७६ वैशाख ५ गतेसम्म उक्त मन्त्रालयहरुमा सोझै गुनासो, निवेदन दर्ता गर्न सकिनेछ । साथै गुनासो दर्ता गर्न मन्त्रालयमा आइरहनु नपर्ने हुँदा तल उल्लेख भए बमोजिमको e-mail ठेगानामा र Fax बाट समेत गुनासो/निवेदन पठाउन सकिनेछ । प्राप्त हुन आएका गुनासा/निवेदन विधिसम्मत ढंगबाट छानविन गरी यथासम्भव सम्बोधन गरिनेछ ।

अतः आफ्नो कार्यक्षेत्र छाडी गुनासो निवेदन लिएर मन्त्रालयमा आइरहनु नपर्ने भएको हुँदा समायोजन तथा पदस्थापनाको पत्र प्राप्त नभएसम्म आ-आफ्नो कार्यक्षेत्रमा रही कामकाज गर्न सबै कर्मचारीमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।


**गुनासो निवेदन दर्ता गर्ने निकाय/सम्पर्क व्यक्ति**

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

इमेलः- info@mofaga.gov.np, rupnarayan12345@gmail.com

फ्याक्सः- ०१-४२००३१४

१. सह-सचिव, रुपनारायण भट्टराई - ९८५१०९५४५०
२. उप-सचिव, ईश्वरकुमार गिरी - ९८४००६०३२१
३. उप-सचिव, बन्धुप्रसाद बास्तोला - ९८५११९४८८१

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

इमेलः- skafle007@gmail.com

फ्याक्सः- ०१-४२६२४६८

१. उप-सचिव, लिलाराज पौडेल - ९८५११३४३७५
२. जनस्वास्थ्य प्रशासक, शम्भु काफ्ले - ९८४९५९०७१५
३. शाखा अधिकृत, प्रेमलाल दुवा — ९८४१४१४९७०


२०७५।१२।२८

(अनिता निरौला)
उप-सचिव